# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१ ] काठमाडौं, पौष १८ गते २०२८ साल [ अतिरिक्ताङ्क ४६


श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

#### हातहतियार खरखजाना नियमावली २०२८

हातहतियार खरखजाना ऐन २०१९ को दफा २६ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त सबै अधिकारको प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "हातहतियार खरखजाना नियमावली २०२८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले हातहतियार खरखजाना ऐन २०१९ सम्झनुपर्छ ।

(ख) "इजाजतपत्र (लाईसेन्स)" भन्नाले यस नियमावलीबमोजिम प्रदान गरिने कुनै किसिमको इजाजतपत्र (लाईसेन्स) सम्झनुपर्छ ।

(ग) "यात्रा इजाजतपत्र (जर्नी लाईसेन्स)" भन्नाले एक अञ्चलको लागि मात्र इजाजतपत्र (लाईसेन्स) भएको हातहतियार खरखजानालाई अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अञ्चलमा वा अन्यत्र लैजान, राख्न र फिर्ता ल्याउनको लागि प्रदान गरिने इजाजतपत्र (लाईसेन्स) सम्झनुपर्छ ।

(घ) "खरीदगर्ने इजाजतपत्र (पर्चेज लाईसेन्स)" भन्नाले विदेशबाट वा नेपाल अधिराज्यको कुनै हातहतियार खरखजाना बिक्रेताबाट हातहतियार खरखजाना खरिदगर्न पाउने गरी प्रदान गरिएको इजाजतपत्र (लाईसेन्स) सम्झनुपर्छ ।

३. इजाजतपत्र (लाईसेन्स) लिनु पर्ने हातहतियार खरखजानाः- (१) जुनसुकै किसिमको टोटावाल, भरुवा वा हावादारी राइफल, बन्दूक (शटगन), पेस्तोल, रिवल्वर वा त्यसको खरखजाना सुरक्षा प्रदर्शन वा शिकारको लागि राख्न लिई हिंड्न वा प्रयोग गर्न इजाजतपत्र (लाईसेन्स) लिनुपर्छ ।

तर कुनै टोटावाल राइफल, बन्दूक (शटगन), पिस्तोल, रिवल्वर राख्न इजाजतपत्र (लाईसेन्स) प्राप्त व्यक्तिले हावादारी राईफल, बन्दूक वा पेस्तोल राख्न इजाजतपत्र (लाईसेन्स) लिनु पर्ने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ३८०।४५०,४५५, ३०३,९ एम्. एम्. बोर तथा "आर्मी पैटर्न" भनी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय समयमा तोकिदिएको अन्य कुनै केलिबर वा बोरको राईफल, पिस्तोल वा रिवल्वरको इजाजतपत्र (लाईसेन्स) दिइने छैन ।

तर आर्मी पैटर्नको गोली नमिल्ने भएमा माथि उल्लेख गरिएको कुनै बोरको राईफल, पिस्तोल वा रिवल्वरको इजाजतपत्र (लाईसेन्स) दिनमा यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन ।

४. इजाजतपत्र (लाईसेन्स) दिइने हातहतियारको संख्याः- (१) एक व्यक्तिलाई, हावादारी राईफल, बन्दूक, पेस्तोल बाहेक बढीमा तीन नालसम्म र सगोलको एक परिवारमा बढीमा ६ नालसम्म हातहतियार राख्न इजाजतपत्र (लाईसेन्स) दिइनेछ ।

तर यो नियमावली प्रारम्भ हुँदाको बखत कुनै परिवारमा हावादारी राईफल, बन्दूक, पेस्तोल बाहेक ६ नालभन्दा बढी हातहतियार राख्ने इजाजतपत्र (लाईसेन्स) प्राप्त भई राखेको रहेछ भने त्यस्तो हातहतियारका सम्बन्धमा भई राखेको इजाजतपत्र (लाईसेन्स) कायमै रहनेछन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कूटनैतिक सुविधा प्राप्त व्यक्तिले हावादारी राईफल, बन्दूक, पेस्तोल बाहेक बढीमा ६ नालसम्म हातहतियार राख्ने इजाजतपत्र (लाईसेन्स) पाउन सक्नेछ ।

५. इजाजतपत्र (लाईसेन्स) को लागि निवेदनः- देहायको इजाजतपत्र (लाईसेन्स) लिन चाहने व्यक्तिले देहायको अनुसूचीमा तोकिएको ढाँचामा अञ्चलाधीशसमक्ष निवेदन दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| इजाजतपत्र (लाईसेन्स) | अनुसूची |
|---|---|
| (क) हातहतियार राख्ने इजाजतपत्र (लाईसेन्स)– | अनुसूची १ (क) |
| | अनुसूची १ (ख) |
| (ख) यात्रा इजाजतपत्र (जर्नी लाईसेन्स)– | अनुसूची २ |
| (ग) हातहतियार खरखजाना मरमतगर्ने इजाजतपत्र (लाईसेन्स) | अनुसूची ३ |
| (घ) खरीदगर्ने इजाजतपत्र (पर्चेज लाईसेन्स)– | अनुसूची ४ |
| (ङ) हातहतियार खरखजाना बिक्रीगर्ने इजाजतपत्र (लाईसेन्स) | अनुसूची ५ (क) |
| (च) हातहतियार खरखजाना उत्पादन गरी बिक्रीगर्ने इजाजतपत्र (लाईसेन्स) | अनुसूची ५ (ख) |

६. इजाजतपत्र (लाईसेन्स) दिन जाँचबुझ गर्नेः– यात्रा इजाजतपत्र (जर्नी लाईसेन्स) बाहेक अन्य इजाजतपत्र (लाईसेन्स) को लागि निवेदन प्राप्त भएपछि अञ्चलाधीशले निवेदनको सम्बन्धमा देहायका कुराको जाँचबुझ गर्न सक्नेछः–

(क) उमेर र मानसिक स्वास्थ्य,

(ख) नागरिकता र प्रतिष्ठा,

(ग) संगीन फौज्दारी अभियोगमा सजाय पाएको छ । छैन,

(घ) हिंसात्मक राजनैतिक गतिविधि र खराब चालचलन छ । छैन,

(ङ) कुनै किसिमको हातहतियारको इजाजतपत्र (लाईसेन्स) पाईसकेको छ । छैन,

(च) पहिले कुनै हातहतियार लुटिए, चोरिए, हराएको छ । छैन,

(छ) शिकार र हातहतियार खरखजाना सम्बन्धमा कुनै कसूरको सजाय पाएको छ । छैन ।

७. इजाजतपत्र दिनेः– (१) अञ्चलाधीशले कुनै इजाजतपत्र (लाईसेन्स) को लागि आफू कहाँ परेको निवेदनमा नियम ६ बमोजिम र आवश्यक अन्य सबै कुराको जाँचबुझ गरी इजाजतपत्र (लाईसेन्स) दिन ठहराए लाग्ने दस्तूर लिई अवस्थानुसार अनुसूची ६, ७, ८, ९, १० र ११ बमोजिमको इजाजतपत्र (लाईसेन्स) गरी दिनुपर्छ । तर नियम ५ को खण्ड (ङ) र (च) बमोजिमको इजाजतपत्र (लाईसेन्स) दिंदा अञ्चलाधीशले श्री ५ को सरकारको पूर्व स्वीकृत लिएर मात्र दिनुपर्छ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायबमोजिम गर्नुपर्छः–

(क) हातहतियार खरखजाना विदेश लग्ने यात्रा इजाजतपत्र (जर्नी लाईसेन्स) का हकमा सम्बन्धित विदेशी सरकार वा राजदूतावासबाट आवश्यक इजाजतपत्र प्राप्त गराई दिन इजाजतपत्रवाला (लाईसेन्स होल्डर) संग आवश्यक विवरण र दस्तुर लिई सो निजको निवेदन र आफ्नो सिफारिश साथ परराष्ट्र मन्त्रालयमा पठाउनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विदेशबाट हातहतियार खरखजाना खरीद गरी झिकाउने इजाजतपत्र (पर्चेज लाईसेन्स) का हक्मा अञ्चलाधीशले नियमबमोजिम आवश्यक जाँच-बुझ गरी झिकाउन दिन हुनेमा आवश्यक दस्तूर लिई आफ्नो सिफारिश सहित सो विदेशी सरकारका राजदूतावासबाट हातहतियार खरखजाना झिकाउन दिन आवश्यक इजाजतपत्र प्राप्त गराई दिन गृह पञ्चायत मन्त्रालयमा लेखी पठाउनुपर्छ । गृह पञ्चायत मन्त्रालयले पनि झिकाउन दिन मुनासिब देखेमा त्यस्तो इजाजतपत्र प्राप्त गराई दिन आवश्यक कारवाई गर्नेछ ।

त्यस्तो इजाजतपत्र प्राप्त भएकोमा इजाजतपत्रको म्यादभित्र हातहतियार खरखजाना खरीद गरी झिकाई सक्नुपर्छ । आइपुगी सकेकोमा यस नियमावलीबमोजिम पन्ध्र दिनभित्र दर्ता गराई राख्ने इजाजतपत्र (लाईसेन्स) लिई सक्नुपर्छ । झिकाइएको आइपुगी नसकेकोमा विवरण खुलाई सूचना र झिकाउँदै न झिकाएकोमा सो हातहतियार खरखजाना विदेशबाट खरीद गरी झिकाउने अनुमतीपत्र (लाईसेन्स) म्याद नाघेको पन्ध्र दिनभित्र अञ्चलाधीशछेउ दाखिल गर्नुपर्छ ।

(३) यस नियमबमोजिम दिइएको इजाजतपत्र (लाईसेन्स) को लगत इजाजतपत्र (लाईसेन्स) दिने अधिकारीले सो दिएको तीस दिनभित्र सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(४) हातहतियार राख्ने इजाजतपत्र (लाईसेन्स) वालाको निवेदनमा यस नियमावलीबमोजिम लाग्ने इजाजतपत्र (लाईसेन्स) दस्तूरबमोजिमको थप दस्तूर लिई सो हातहतियार खरखजानाको एकजना वाहक (रिटेनर) को नाम इजाजतपत्रमा उल्लेख गर्न सकिनेछ । प्रत्येक पटक बाहकको नाम परिवर्तन गर्दा यस उपनियमबमोजिम थप दस्तूर लाग्नेछ ।

८. राख्न र खरीद गर्न पाउने खरखजानाको परिमाण:- (१) यस नियमावलीबमोजिम हातहतियार राख्न इजाजतपत्र (लाईसेन्स) प्राप्त व्यक्तिले मात्र देहायको हातहतियारको लागि एक पटकमा राख्न पाउने र प्रत्येक वर्ष खरीद गर्न वा विदेशबाट झिकाउन पाउने खरखजानाको परिमाण देहायबमोजिम हुनेछ । तर त्यस्तो व्यक्ति कूटनैतिक सुविधा प्राप्त व्यक्ति भएमा निजले सो परिमाणको दोब्बरसम्म राख्न वा खरीद गर्न पाउनेछ ।

| हातहतियारको किसिम | जम्मा राख्न पाउने | प्रत्येक वर्ष खरीद गर्न वा विदेशबाट झिकाउन पाउने । |
|---|---|---|
| (क) १२ (बाह्र) बोर वा अरू कुनै बोरको बन्दूक (शटगन) को टोटा | दुई सयसम्म | एक सयसम्म |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (ख) मिनियचर राइफल बाहेक अन्य कुनै राइफलको टोटा– | पचाससम्म | पचाससम्म |
| (ग) पिस्तोल तथा रिवल्वरको टोटा | पच्चीससम्म | पच्चीससम्म |
| (घ) २२ बोर वा अरु कुनै मिनियचर राइफलको टोटा– | दुई सयसम्म | दुई सयसम्म |
| (ङ) भरुवा बन्दूक (शटगन) पिस्तोलको केप | एक सयसम्म | पचाससम्म |
| बारूद | एक के. जी. | एक के. जी. |
| शट | चार के. जी. | दुई के.जी. |
| (च) हावादारी राइफल बन्दूक पिस्तोलको गोली (पिलेट)– | चाहेजतिसम्म | चाहेजतिसम्म |
| (छ) शटगनको टोटा भर्ने मेसिन– | एकसम्म | एकसम्म |
| केप– | एक सयसम्म | एक सयसम्म |
| बारूद– | एक के. जी. सम्म | आधा के. जी. सम्म |
| शट– | चार के. जी. सम्म | दुई के. जी. सम्म |

(२) उपनियम (१) मा तोकिएको हदमा न बढाई हातहतियार राख्ने इजाजतपत्र (लाईसेन्स) दिंदा सो इजाजतपत्र (लाईसेन्स) दिने अधिकारीले इजाजतपत्र (लाईसेन्स) मा नै जम्मा राख्न वा प्रत्येक वर्ष खरीद गर्न वा विदेशबाट झिकाउन पाउने खरखजानाको हद तोकी दिनेछ । त्यसरी हद तोक्दा इजाजतपत्र (लाईसेन्स) वालाको आवश्यकता र स्थिति समेत हेरी इजाजतपत्र (लाईसेन्स) दिने अधिकारीले तोकी दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जेसुकै लेखिएको भए तापनि राइफल क्लवहरूका लागि र खास परिस्थितिमा कुनै इजाजतपत्रवालाका लागि बढी खरखजाना राख्न वा खरीद गर्न, झिकाउन दिन उपयुक्त देखेमा श्री ५ को सरकारले विशेष रूपले अनुमती दिन सक्नेछ ।

(४) उपनियम (१), (२), (३) मा जुनसुकै कुरा लेखिएको भएपनि विदेशबाट खरखजाना झिकाउन अनुमती दिंदा त्यस्तो अनुमती दिने वा दिलाउने अधिकारीले आवश्यक सम्झेमा त्यस्तो इजाजतपत्र (लाईसेन्स) वालासंग हाल रहेको स्टक पहिले खरीद गरेको वा झिकाएकोमा खर्च भएको विवरण लिन सक्नेछ ।

९. इजाजतपत्र (लाईसेन्स) को दस्तूर र अवधिः– (१) देहायका इजाजतपत्र (लाईसेन्स) को लागि देहायबमोजिम दस्तूर लाग्नेछ ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) हातहतियार राख्ने इजाजतपत्र (लाईसेन्स) को दस्तूर

| हातहतियारको किसिम | इजाजतपत्र (लाईसेन्स) दस्तूर | |
|---|---|---|
| | अञ्चलभर | अधिराज्यभर |
| १. टोटावाल पिस्तोल, रिवल्वर वा मिनिएचर राइफल बाहेक अन्य राइफल प्रत्येकको | दश रूपैयाँ | बीस रूपैयाँ |
| २. टोटावाल बन्दूक (शटगन) वा २२ बोर लगायत अन्य मिनिएचर राइफल प्रत्येकको | पाँच रूपैयाँ | दश रूपैयाँ |
| ३. भरुवा बन्दूक (शटगन) वा पिस्तोल प्रत्येकको | चार रूपैयाँ | आठ रूपैयाँ |
| ४. हावादारी राइफल, बन्दूक वा पिस्तोल प्रत्येकको | दुई रूपैयाँ | चार रूपैयाँ |

(ख) यात्रा इजाजतपत्र (जर्नी लाईसेन्स)

| | |
|---|---|
| १. टोटावाल पिस्तोल, रिवल्वर वा मिनिएचर राइफल बाहेक अन्य राइफल प्रत्येकको | पाँच रूपैयाँ |
| २. टोटावाल बन्दूक (शटगन) राइफल वा २२ बोर लगायत अन्य मिनिएचर राइफल प्रत्येकको | दुई रूपैयाँ |
| ३. भरुवा बन्दूक वा पिस्तोल प्रत्येकको | दुई रूपैयाँ |
| ४. हावादारी राइफल, बन्दूक वा पिस्तोल प्रत्येकको | एक रूपैयाँ |

(ग) हातहतियार उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाईसेन्स)

| | |
|---|---|
| १. हातहतियार मात्र | दुई हजार रूपैयाँ |
| २. खरखजाना मात्र | दुई हजार रूपैयाँ |
| ३. हातहतियार तथा खरखजाना दुबैको | चार हजार रूपैयाँ |

(घ) हातहतियार खरखजाना बिक्री गर्ने इजाजतपत्र (लाईसेन्स)

| | |
|---|---|
| १. हातहतियार मात्र | पाँच सय रूपैयाँ |
| २. खरखजाना मात्र | पाँच सय रूपैयाँ |
| ३. हातहतियार तथा खरखजाना दुबैको | एक हजार रूपैयाँ |

(ङ) हातहतियार खरखजाना मर्मत गर्ने इजाजतपत्र (लाईसेन्स)

एक सय रूपैयाँ

(२) यात्रा इजाजतपत्र (जर्नी लाईसेन्स) बाहेक यस नियमावलीबमोजिम प्राप्त अन्य इजाजतपत्र (लाईसेन्स) एक आर्थिक वर्षसम्म मात्र बहाल रहनेछ र सो अवधि नाघेको पैंतीस दिनभित्र अर्को आर्थिक वर्षको लागि नवीकरण (रिन्यू) गर्नुपर्छ । त्यसरी नवीकरण गराउँदा एकै पटक २ आर्थिक वर्षसम्मको लागि पनि नवीकरण गराउन सकिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) नवीकरण गर्नु पर्ने इजाजतपत्र (लाईसेन्स) नियम १० को उपनियम (२) को खण्ड (ग) मा तोकिएको म्यादभित्र पनि नवीकरण नगराइएमा त्यस्तो इजाजतपत्र (लाईसेन्स) स्वतः खारेज हुनेछ ।

१०. नवीकरण (रिन्यू) दस्तूरः– (१) देहायको इजाजतपत्र (लाईसेन्स) को लागि देहायबमोजिमको नवीकरण (रिन्यूवल) दस्तूर लाग्नेछः–

(क) हातहतियारको निमित्त राख्ने इजाजतपत्र (लाईसेन्स) दस्तूरको आधा,

(ख) हातहतियार वा खरखजाना उत्पादन गर्ने इजाजतपत्र (लाईसेन्स) को एक हजार रूपैयाँ र हातहतियार र खरखजाना दुबै उत्पादन गर्ने इजाजतपत्र (लाईसेन्स) को दुई हजार रूपैयाँ,

(ग) हातहतियार वा खरखजाना बिक्री गर्ने इजाजतपत्र (लाईसेन्स) को दुई सय पचास रूपैयाँ र हातहतियार र खरखजाना दुबै बिक्री गर्ने इजाजतपत्र (लाईसेन्स) को पाँचसय रूपैयाँ,

(घ) हातहतियार खरखजाना मर्मत गर्ने इजाजतपत्र (लाईसेन्स) को पच्चीस रूपैयाँ ।

(२) नियम ९ को उपनियम (२) मा तोकिएको म्याद नघाई नवीकरण (रिन्यू) गर्न आएमा देहायको अवधिको निमित्त देहायबमोजिमको थप दस्तूर लाग्नेछः–

(क) नवीकरण (रिन्यू) गर्ने म्याद नाघेको पैंतीस दिनसम्म नवीकरण (रिन्यूवल) दस्तूरको सयकडा पच्चीस ।

(ख) खण्ड (क) बमोजिमको म्याद नाघेपछि तीन महीनासम्म नवीकरण (रिन्यूवल) दस्तूरको सयकडा पचास, र

(ग) खण्ड (ख) बमोजिमको म्याद नाघेपछि सोही बर्षको अन्तसम्म नवीकरण (रिन्यूवल) दस्तूर सरह ।

११. नवीकरण (रिन्यूवल) गर्ने अधिकारीः– (१) देहायको इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गर्ने अधिकारी देहायबमोजिमका हुनेछन्ः–

| इजाजतपत्र (लाईसेन्स) को किसिम | नवीकरण (रिन्यू) गर्ने अधिकारी |
|---|---|
| (क) हातहतियारको इजाजतपत्र (लाईसेन्स) | प्रमुख जिल्ला अधिकारी |
| (ख) हातहतियार खरखजाना मर्मत गर्ने, हातहतियार खरखजाना बिक्री गर्ने र हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाईसेन्स) | अञ्चलाधीश |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गर्ने अधिकारीले चाहेमा इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गर्दा त्यस्तो इजाजतपत्र (लाईसेन्स) मा उल्लिखित हातहतियार र खरखजाना आफूसमक्ष निरीक्षणको लागि पेश गर्न लगाउन सक्नेछ ।

(३) उपनियम (१) को खण्ड (क) बमोजिम इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गर्ने अधिकारीले प्रत्येक वर्ष नवीकरण (रिन्यू) गरिएको इजाजतपत्र (लाईसेन्स) को लगत अञ्चलाधीश कार्यालयमा पठाई दिनुपर्छ ।

१२. अर्को ईलाकामा पनि नवीकरण (रिन्यू) गर्न सकिनेः– (१) कुनै इजाजतपत्र (लाईसेन्स) प्राप्त व्यक्ति आफ्नो ईलाका छाडी अस्थायी रूपमा अन्यत्र गई बसेको अवस्थामा सोही ईलाकाको इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गर्ने अधिकारीबाट पनि आफ्नो हातहतियार राख्ने इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गर्ने अधिकारीले इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गरी दिएपछि निजले त्यसको सूचना नियम ११ को उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गर्ने अधिकार भएको सम्बन्धित अधिकारीलाई दिनुपर्छ ।

१३. वारेसद्वारा नविकरण (रिन्यू) गर्न सकिनेः– कुनै इजाजतपत्र (लाईसेन्स) प्राप्त व्यक्ति कुनै कारणवस इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गराउन आफैं उपस्थित हुन नसक्ने भएमा वारेसद्वारा आफ्नो इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यू) गराउन सक्नेछ ।

१४. इजाजतपत्र (लाईसेन्स) हराएमा अर्को इजाजतपत्र (लाईसेन्स) लिनु पर्नेः– (१) यस नियमावलीबमोजिम प्राप्त कुनै इजाजतपत्र (लाईसेन्स) हराएमा वा चोरिएमा वा अन्य कुनै कारणबाट नासिएमा त्यस्तो इजाजतपत्र (लाईसेन्स) प्राप्त व्यक्तिले अर्को इजाजतपत्र (लाईसेन्स) प्राप्त गर्नको लागि नियम ५ बमोजिम निवेदन दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिमको निवेदनमा लेखिएको व्यहोरा मनासिब ठहरे दश रूपैयाँ दस्तूर लिई इजाजतपत्र (लाईसेन्स) दिने अधिकारीले अर्को इजाजतपत्र (लाईसेन्स) गरी दिनुपर्छ ।

१५. इजाजतपत्र (लाइसेन्स) को लगत कट्टाः– (१) कुनै हातहतियार हराएमा वा चोरिएमा वा बिग्री काम नलाग्ने भएमा वा अन्य कुनै कारणबाट नासिएमा पैंतीस दिनभित्र सो कुराको सूचना त्यस्तो हातहतियारको धनी इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले सम्बन्धित अञ्चलाधीशलाई दिई त्यस्तो हातहतियारको लगत कट्टा गराउनुपर्छ । हातहतियार हराएमा वा चोरिएमा भने नजिकको प्रहरी ठानामा यथाशीघ्र सात दिनभित्र सूचना दिनु अनिवार्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर बिग्रेको हातहतियार मर्मत गरी फेरि काम लाग्ने भएमा वा हराएको वा चोरिएको हातहतियार फेला परेमा यस नियमावलीबमोजिम पुनः इजाजतपत्र (लाइसेन्स) लिनु पर्नेछ ।

(२) हातहतियार खरखजाना बिक्री गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले बिक्री गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने काम छाड्न चाहेमा निजले त्यस्तो सूचना अञ्चलाधीशलाई दिई त्यसको लगत कट्टा गराउनु पर्छ ।

(३) श्री ५ को सरकारले जफत गरेको वा अन्य कुनै प्रकारले सरकार जाफेको हातहतियार खरखजानाको लगत स्वतः कट्टा गरिनेछ ।

(४) यस नियमावलीबमोजिम दर्ता नगराइएको, राख्ने इजाजतपत्र (लाइसेन्स) बलिइएको वा दत गराई राख्ने इजाजतपत्र (लाइसेन्स) लिई सकेकोमा पनि यस नियमावली-बमोजिम नवीकरण नगराइएको हातहतियार खरखजानाको लगत स्वतः कट्टा गरिनेछ । र त्यस्तो हातहतियार खरखजाना तुरुन्त प्रहरी ठानामा बुझाउनु पर्नेछ ।

१६. <u>लगत राख्ने बारे</u>:– हातहतियार खरखजाना बिक्री गर्ने, उत्पादन गरी बिक्री गर्ने वा मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले प्रत्येक महीनामा उत्पादन गरेको वा बिक्री गरेको वा मर्मत गरेको हातहतियार खरखजानाको लगत अनुसूची १२ बमोजिमको ढाँचामा भरी प्रत्येक महीना भुक्तान भएको सात दिनभित्र अञ्चलाधीश कार्यालय मार्फत् गृह पञ्चायत मन्त्रालयमा पठाउनुपर्छ ।

१७. <u>हातहतियारको नामसारी</u>:– (१) कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले आफ्नो कुनै हातहतियार अरु कसैलाई बिक्री गरी वा अरु कुनै तरिकाले हक छाडी दिन चाहेमा त्यस्तो हक छोडी दि े र लिने दुबै थरिले क्रमशः अनुसूची १३ र १४ मा तोकिएको ढाँचामा अञ्चलाधीशसमक्ष निबेदन दिनुपर्छ । त्यस्तो हक पाउने व्यक्तिलाई खरीद गर्ने इजाजतपत्र (लाइसेन्स) भइराखेको भए वा त्यस्तो व्यक्तिको सम्बन्धमा जाँचबुझ गर्दा इजाजतपत्र (लाइसेन्स) दिन हुने ठहरिएमा अञ्चलाधीशले बिक्री गर्न वा हक छाड्न स्वीकृति दिनेछ ।

तर कूटनैतिक सुविधा प्राप्त व्यक्तिले भने परराष्ट्र मन्त्रालय मार्फत् गृह पञ्चायत मन्त्रालयको स्वीकृति लिई मात्र बिक्री गरी वा हक छाडी दिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्ति मरी निजको हातहतियारको नामसारी गराउन निजका सब-भन्दा नजिकको उमेर पुगेको हकवालाले अञ्चलाधीशसमक्ष निवेदन दिएमा अञ्चलाधीशले दिन नहुने ठहराइएमा बाहेक त्यस्तो हकवालाको नाममा यस नियमावलीबमोजिम नामसारी [illegible]

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. कूटनैतिक सुविधा प्राप्त व्यक्तिहरूलाई इजाजतपत्र (लाइसेन्स) दिनेः– (१) कूटनैतिक सुविधा प्राप्त व्यक्तिको हातहतियार खरखजानाको इजाजतपत्र (लाइसेन्स) गर्ने सम्बन्धमा परराष्ट्र मन्त्रालयले लेखी पठाएमा अञ्चलाधीशले त्यस्तो हातहतियार खरखजानाको इजाजतपत्र (लाइसेन्स) गरी दिनुपर्छ ।

(२) कूटनैतिक सुविधा प्राप्त व्यक्तिहरूलाई यस नियमावलीबमोजिम हातहतियार खरखजाना राख्ने कुनै किसिमको इजाजतपत्र (लाइसेन्स) दिंदा वा इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गर्दा कुनै दस्तुर लिइने छैन

१९. प्रहरी ठानामा बुझाएका हातहतियार खरखजाना तीन महीनाभित्र फिर्ता लिन पर्नेः– ऐनको दफा ६ को उपदफा (१) बमोजिम बुझाएको हातहतियार खरखजाना फिर्ता दिने निर्णय भएमा त्यस्तो हातहतियार खरखजाना फिर्ता लिन आउनु भनी अञ्चलाधीशले सूचना पठाएमा वा प्रकाशित गरेमा त्यस्तो सूचना पाएको वा प्रकाशित भएको मितिले मुनासिब माफिकको कारण परेमा बाहेक तीन महीनाभित्र फिर्ता लिन आउनु पर्नेछ र त्यसरी फिर्ता लिंदा यस नियमावलीबमोजिम इजाजतपत्र (लाइसेन्स) लिनु पर्ने वा इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गराउनु पर्ने भए सो समेत लिनु गर्नु पर्छ ।

२०. बचाउः– (१) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित नेपाल कानूनबमोजिम प्रदान गरिएको हातहतियार खरखजाना सम्बन्धी इजाजतपत्र (लाइसेन्स) हरू यो नियमावली प्रारम्भ भएको मितिदेखि यसै नियमावलीबमोजिम जारी भएको मानिनेछ ।

(२) २०२८ साल चैत्र मसान्तसम्मको लागि नवीकरण (रिन्यू) भएको इजाजतपत्र (लाइसेन्स) हरू २०२९ साल आषाढ मसान्तसम्म नवीकरण (रिन्यू) भएको मानिने छ र त्यसपछिको लागि नवीकरण (रिन्यू) गराउँदा यसै नियमावलीबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची १ (क)

(नियम ५ (क) संग सम्बन्धित)

विषयः– हातहतियार खरखजाना नामसारी गरी राख्न इजाजतपत्र (लाइसेन्स) पाऊँ ।

श्री अंचलाधीश,

अंचलाधीश कार्यालय ।

महाशय,

देहायको हातहतियार तथा खरखजानाको लागि...कार्यालयबाट.. को नाउँमा.. नं. को इजाजतपत्र (लाइसेन्स) भई राखेको निज...मितिमा परलोक भएको र निजको सबभन्दा नजिकको हकदार म भएकोले निवेदन गर्दछु ।

मृतकको मभन्दा नजिकको हकदार अरु कोही छैन । मभन्दा नजिकको वा म सरहको हकदार देहायका व्यक्तिभए पनि मेरो नाउँमा नामसारी भई इजाजतपत्र हुन निजहरुको मन्जूरी यसैसाथ पेश गरेको छु ।

म. . .वर्ष पूरा भएको स्वस्थ नेपाली नागरिक हुँ । मृतकसंगको मेरो सम्बन्ध र मेरो हैसियत र चालचलन वारे दुई जना प्रतिष्ठित व्यक्तिको सिफारिश यसैसाथ संलग्न छ । जो बुझ्नु पर्ने बुझी हातहतियार खरखजाना नियमावली २०२८ बमोजिम दस्तूर लिई सो हातहतियार तथा खरखजाना मृतकको नाउँबाट निजलाई भएको इजाजतपत्रको शर्तमा वा देहायको शर्तमा मेरो नाउँमा नामसारी इजाजतपत्र गरी पाऊँ ।

मेरो नाउँमा नामसारी भई इजाजतपत्र पाएमा हातहतियार खरखजाना ऐन २०१९ र हातहतियार खरखजाना नियमावली २०२८ को पालन गर्नेछु र सो हातहतियार खरखजाना कानून विरुद्ध कुनै काममा प्रयोग गर्ने गर्न दिने छैन । व्यहोरा झुट्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

| दर्ता गर्ने हातहतियार खरखजानाको विवरण | | इजाजतपत्र (लाइसेन्स) गराउन चाहेको ईलाका | कुनै अन्य हातहतियारको इजाजतपत्र (लाइसेन्स) प्राप्त गरेको भए त्यसको विवरण | | | |
|---|---|---|---|---|---|---|
| हातहतियार | खरखजाना | | हातहतियार | खरखजाना | इजाजतपत्र (लाइसेन्स) दिने कार्यालय | दर्ता नं. |
| | | | | | | |

मितिः–

निवेदक,

... ... ... ... ... ... को छोरा ... ... ... ... ...बस्ने

वर्ष ... ...को नाम ... ... ... ... ... ... ... ... ... पेशा ... ...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १ (ख)

(नियम ५ (क) संग सम्बन्धित)

विषयः– हातहतियार खरखजाना दर्ता गरी राख्न इजाजतपत्र (लाइसेन्स) पाऊँ।

श्री अंचलाधीश,

अंचलाधीश कार्यालय ।

महाशय,

देहायको हातहतियार तथा खरखजाना मेरो नाउँमा भएको...कार्यालयको मितिको.... नं. को हातहतियार खरखजाना खरीद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स) बमोजिम विदेश... बाट खरीद गरी झिकाएको । वा नेपाल भित्र...हातहतियार खरखजाना विक्रेताबाट । वा..कार्यालयबाट...नं. को इजाजतपत्र प्राप्त व्यक्तिबाट प्रचलित कानूनबमोजिम खरीद गरी लिएको हुंदा सो हातहतियार खरखजाना नियमावली २०२८ बमोजिम दस्तूर लिई देहायको शर्तमा मेरो नाउँमा दर्ता गरी सुरक्षा । प्रदर्शन। शिकारको लागि इजाजतपत्र गरी पाउँ ।

मेरो नाउँमा दर्ता भई इजाजतपत्र पाएका हातहतियार खरखजाना ऐन २०१६ र हातहतियार खरखजाना नियमावली २०२८ को पालना गर्नेछु र सो हातहतियार खरखजाना कानून विरुद्ध कुनै काममा प्रयोग गर्ने गर्न दिने छैन ।

व्यहोरा झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

मैले पाएको खरीद गर्ने इजाजातपत्र विदेशबाट पैठारी गर्दा तिरेको भन्सार महसूल रसीद नेपालभित्र खरीद गर्दाको बिल यससाथ संलग्न छ ।

| दर्ता गर्ने हातहतियार खरखजानाको विवरण | | इजाजतपत्र (लाइसेन्स) गराउन चाहे को ईलाका | कुनै अन्य हातहतियारको इजाजतपत्र (लाइसेन्स) प्राप्त गरेको भए त्यसको विवरण। | | | |
|---|---|---|---|---|---|---|
| हातहतियार | खरखजाना | | हातहतियार | खरखजाना | इजाजतपत्र (लाइसेन्स) दिने कार्यालय | दर्ता नं. |
| | | | | | | |

निवेदक,

..........को छोरा.........

.......... बस्ने वर्ष .... को

नाम................. पेशा ...

मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– २

(नियम ५ (ख) संग सम्बन्धित)

विषयः– यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) पाऊँ ।

श्री अञ्चलाधीश

अञ्चलाधीश कार्यालय

महाशय,

मेरो नाउँमा . . . अञ्चलाधीश कार्यालयमा दर्ता भएको नं. . . . को इजाजतपत्र (लाइसेन्स) को देहायको हातहतियार खरखजाना निम्न कारणबाट देहायका निम्न ठाउँसम्म लैजानु परेकोले उक्त स्थानसम्म लगी फिर्ता ल्याउन निम्न अवधिको यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । उल्लिखित म्यादभित्र हातहतियार खरखजाना उल्लिखित स्थान बाहेक अन्यत्र लैजाने वा कानून विरुद्ध कुनै काम गर्ने छैन । व्यहोरा झुट्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

| हातहतियार | खरखजानाको विवरण | लैजाने स्थान | लैजानु पर्ने कारण | अवधि |
|---|---|---|---|---|
| | | | | |

भवदीय,

. . . . . . . . . को छोरा . . . . . . बस्ने

वर्ष. . . . . . . . . . . को

मितिः– नाम. . . . . . . . . . पेशा . . . . . . . . .

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ३

(नियम ५ (ग) संग सम्बन्धित)

विषय:– हातहतियार खरखजाना मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) पाउँ ।

श्री अञ्चलाधीश,

अञ्चलाधीश कार्यालय ।

महाशय,

मैले हातहतियार मर्मत गर्ने पेशा अपनाउने इच्छा गरेकोले हातहतियार मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गरेको छु । हातहतियार खरखजाना नियमावली २०२८ बमोजिम दस्तूर लिई मेरो नाउँमा हातहतियार मर्मत गन इजाजतपत्र (लाइसेन्स) गरी पाउँ ।

मैले देहायको हातहतियार मर्मत गर्ने कामको प्रशिक्षण र अनुभव... ... मा पाई प्रमाणपत्र पाएको छु । वा छैन ।

१ ........

२. ........

३. ........

मैले हातहतियार मर्मत गर्ने प्रशिक्षण नपाए पनि ... ... कामको अनुभवबाट सो काम राम्रोसंग गर्न सक्छु ।

मैले हातहतियार मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स) पाएमा सो इजाजतपत्रमा तोकिएको शर्त र हातहतियार खरखजाना ऐन २०१९,हातहतियार खरखजाना नियमावली २०२८ र अन्य प्रचलित कानूनको पालना गरी काम गर्नेछु । इजाजतपत्र प्राप्त हातहतियार मात्र मर्मत गर्नेछु । र मर्मत गरेको प्रत्येक हातहतियारको दर्ता किताव राखी इजाजतपत्र (लाइसेन्स) नं., इजाजतपत्रवालाको नाम, दाखिल गरेको र फिर्ता लगेको मिति, समय, सहिछाप, हातहतियारको हालत र मर्मत गरेको काम, लिएको ज्याला समेतको विवरण खुलाउनछु र इजाजतपत्र (लाइसेन्स) दिने नवीकरण (रिन्यू) गर्ने अधिकारी वा प्रहरी अधिकृतले निरीक्षण गर्न चाहेमा निरीक्षण गर्न दिनेछु ।

मेरो हैसियत, योग्यता र चालचलनबारे दुई प्रतिष्ठित व्यक्तिहरुको सिफारिश यसैसाथ संलग्न छ । व्यहोरा झुठ्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदक,

.......... को छोरा ........

....... बस्ने वर्ष ........ को

नाम .. .. .. .. पेशा ... ...

मिति:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ४

(नियम ५ (घ) संग सम्बन्धित)

विषयः– हातहतियार खरखजाना खरीद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स) पाउँ ।

श्री अञ्चलाधीश

अञ्चलाधीश कार्यालय ।

महाशय,

मलाई . . . बोरको . . . नाले बन्दूक वा राइफल वा पेस्तोल वा रिवल्वर वा । र. . . त्यसको टोटा . . . खरीद गर्ने आवश्यक भएकोले . . . ठाउँ स्थिति . . . कम्पनी वा पसलबाट खरीद गर्न पाउने इजाजतपत्र (पर्चेज लाइसेन्स) को लागि एक रुपैयाँको टिकट टाँसी निवेदन गरेको छु ।

निवेदक,

. . . . . . . . . . . . को छोरा . . . . . . . बस्ने

वर्ष . . . . को नाम . . . . . . . .

मितिः–

पेशा . . . . . . . . .

अनुसूची– ५ (क)

(नियम ५ (ङ) संग सम्बन्धित)

विषयः– हातहतियार खरखजाना बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउँ ।

श्री अञ्चलाधीश,

अञ्चलाधीश कार्यालय ।

महाशय,

देहायबमोजिमको हातहतियार खरखजाना देहायबमोजिम उपलब्ध गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउनको लागि एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । हातहतियार खरखजाना बिक्री गर्ने, उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स) मा तोकिएको शर्त बन्देज उलंघन गरेमा ऐनबमोजिम सजाय सहुँला बुझाउँला ।

१. निम्नलिखित व्यहोराबाट उपलब्ध गरी बिक्री गर्ने:–
   (क) विदेशबाट पैठारी गरी, वा
   (ख) नेपाल अधिराज्यभित्र इजाजतपत्र (लाइसेन्स) वालासंग खरीद गरी ।
२. बिक्री गर्ने स्थान . . . .
३. सालभरमा पैठारी गरी नेपाल अधिराज्यभित्र खरीद गरी बिक्री गर्ने हातहतियार वा खरखजानाको विवरण . . . .

भवदीय,

. . . को छोरा

मितिः– वर्ष . . . . . . . को नाम . . . पेशा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

442

## अनुसूची ५ (ख)

### (नियम ५ (ख) संग सम्बन्धित)

विषय:– <u>हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउँ ।</u>

श्री अञ्चलाधीश,

अञ्चलाधीश कार्यालय ।

महाशय,

देहायबमोजिम हातहतियार खरखजाना देहायबमोजिम उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) पाउनको लागि एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) मा तोकिएको शर्त बन्देज उलंघन गरेमा ऐनबमोजिम सजाय सहुँला बुझाउँला ।

निम्नलिखित व्यहोराबाट उत्पादन गरी बिक्री गर्ने ।

(क) मेशिनरी, प्राविधिज्ञ, अन्य पदार्थ विदेशबाट पैठारी गरी वा नेपाल अधिराज्यभित्र उपलब्ध गर्ने ।

(ख) उत्पादन गरिने हातहतियार खरखजानाको किसिम, परिमाण र अन्य विवरण ।

(ग) उत्पादन गर्ने कारखानाको स्थान र पूर्ण विवरण ।

(घ) सुरक्षा र बिक्रीको व्यवस्था ।

(ङ) उत्पादन गरिने हातहतियार वा खरखजानाको अनुमती लागत र बिक्री मोल ।

(च) नेपाल अधिराज्यभित्र खपत हुने परिमाण र विदेश निकासी हुने भए त्यसको विवरण ।

(छ) अन्य विवरण ।

भवदीय,

मिति:– ........ ........ को छोरा ........ बस्ने

वर्ष.... को नाम ........ पेशा...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४६०

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची– ६
(नियम ७ (१) संग सम्बन्धित)

श्री ५ को सरकार

अञ्चलाधीश कार्यालय ।

| इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको फोटो |
|---|

इजाजतपत्र (लाइसेन्स) नम्बर.....

### हातहतियार खरखजाना राख्न पाउने इजाजतपत्र (लाइसेन्स)

| १ | २ | ३ | | ४ | ५ |
|---|---|---|---|---|---|
| इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको नाम, थर, वतन | हातहतियारको विवरण | खरखजानाको विवरण | | हातहतियार खरखजाना राख्न पाउने ईलाका | कैफियत |
| | | एकपटमा राख्न पाउने अधिकतम संख्या | एक सालमा किन्न पाउने अधिकतम संख्या | | |
| | | | | | |
| इजाजतपत्र (लाइसेन्स) पाएको साल र मिति | इजाजतपत्र (लाइसेन्स) बहाल रहने साल र मिति | इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको सहीछाप | | इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीको दस्तखत | |
| इजाजतपत्र नविकरण (लाइसेन्स रिन्यू) गरेको साल र मिति | म्याद समाप्त हुने साल र मिति | नवीकरण (रिन्यू) गर्ने अधिकारीको दस्तखत | | नवीकरण (रिन्यू) गर्ने अधिकारीको कार्यालय-को छाप | |

नोटः– इजाजपतत्र (लाइसेन्स) प्राप्त व्यक्तिले पालन गर्नु पर्ने शर्तहरू यसको पछाडि दिइएका छन्ः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले पालन गर्नु पर्ने शर्तहरू:–

(१) इजाजतपत्र (लाइसेन्स) बमोजिमको हातहतियार खरखजाना इजाजतपत्र (लाइसेन्स) मा लेखिएको मानिस र ईलाकाको हकमा मात्र लागू हुने हुँदा त्यस्तो इजाजतपत्र (लाइसेन्स) मा तोकिएका हातहतियार खरखजानाहरू कसैलाई दिन वा नियमबमोजिम इजाजतपत्र (लाइसेन्स) नगराई अन्यत्र लिएर जान हुँदैन ।

(२) इजाजतपत्र (लाइसेन्स) मा लेखिएभन्दा बढी खरखजाना राख्नु वा खरीद गर्नु हुँदैन ।

(३) इजाजतपत्र (लाइसेन्स) को अवधि समाप्त भएमा वा बदर गरिएमा वा कुनै ठाउँमा हातहतियार खरखजाना राख्न नपाउने गरी श्री ५ को सरकारले सूचना प्रकाशित गरेमा वा त्यस्तो हातहतियार राख्न गैर कानूनी हुन आएमा त्यस्तो हातहतियार खरखजाना तुरुन्त स्थानीय प्रहरी कार्यालयमा वा त्यस्तो सूचनामा तोकिएको स्थानमा बुझाई दिनुपर्छ ।

(४) यो इजाजतपत्र (लाइसेन्स) को म्याद भुक्तान भएपछि नियमबमोजिम नवीकरण (रिन्यू) गराउनुपर्छ ।

(५) कुनै प्रचलित नेपाल कानूनले मनाही गरेको ठाउँमा हातहतियार खरखजाना लिई जानु वा मनाही गरिएको जनावर वा पशु पंक्षीहरूको शिकार खेल्नु हुँदैन ।

(६) श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीले वा अख्तियार प्राप्त प्रहरी अधिकृतले कुनै इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको हातहतियार खरखजाना वा इजाजतपत्र (लाइसेन्स) हेर्न चाहेमा त्यस्तो इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले हातहतियार खरखजाना वा इजाजतपत्र (लाइसेन्स) देखाउनुपर्छ ।

(७) यस इजाजतपत्र (लाइसेन्स) मा तोकिएको बाहेक अरू हातहतियार वा खरखजाना राख्न हुँदैन ।

(८) यस इजाजतपत्र (लाइसेन्स) बमोजिमको हातहतियारले शिकार खेल्न चाहने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिले जंगली जीवजन्तु संरक्षण ऐन २०१५ अन्तर्गत बनेको शिकार नियमहरू २०२३ को नियम पालन गर्नु पर्नेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ७
(नियम ७(१) संग सम्बन्धित)

श्री ५ को सरकार
अञ्चलाधीश कार्यालय

यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स)

निम्न हातहतियार खरखजाना. . . बस्ने श्री . . . ले साथमा लिई जान र आउन पाउने गरी यो यात्रा इजाजतपत्र (जर्नी लाइसेन्स) गरी दिएको छ। यसमा सम्बन्धित कर्मचारीले कानूनबमोजिम जाँची छाडी दिनु होला।

| हातहतियार खरखजानाको विवरण | | लिएर जाने स्थान | लैजानु पर्ने कारण | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| हातहतियार | खरखजाना | | | | |
| | | | | | |

द्रष्टव्यः– इजाजतपत्र (लाइसेन्स) वा लेखिएको अवधि नाघेपछि यो इजाजतपत्र (लाइसेन्स) स्वतः रद्द हुनेछ।

मितिः– ........

अञ्चलाधीशको

दस्तखत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची–८

(नियम ७ (१) संग सम्बन्धित)

श्री ५ को सरकार

अञ्चलाधीश कार्यालय

हातहतियार खरखजाना मर्मत गर्ने इजाजतपत्र (लाइसेन्स)

| नियम | इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको नाम, थर, वतन | मर्मत गर्न पाउने हतियारको विवरण | | कैफियत |
|---|---|---|---|---|
| १. यो इजाजतपत्र (लाइसेन्स) को कलम ३ मा लेखिएबमोजिमको हातहतियार मात्र मर्मत गर्नुपर्छ ।<br>२. इजाजतपत्र (लाइसेन्स) भएको हातहतियार मात्र मर्मत गर्नुपर्छ ।<br>३. मर्मत गरेको हातहतियारको इजाजतपत्र (लाइसेन्स) नम्बर सहित हातहतियारको नियमबमोजिमको विवरण खोली सम्बन्धित अंचलाधीशकहाँ पठाउनुपर्छ । | | | | |
| | इजाजतपत्र (लाइसेन्स) नम्बर र सो पाएको साल र मिति | इजाजतपत्र (लाइसेन्स) बहाल रहने साल र मिति | इजाजतपत्र (लाइसेन्स) पाउनेव्यक्तिको स. | इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीको दस्तखत |
| | इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गरेको साल र मिति | म्याद समाप्त हुने साल र मिति | नवीकरण (रिन्यू) गर्ने अधिकारीको सहीछाप | नवीकरण रिन्यू गर्ने अधिकारीको कार्यालयको नाम |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२०

## अनुसूची–९
### (नियम ७ संग सम्बन्धित)
### श्री ५ को सरकार
### अञ्चलाधीश कार्यालय
### खरीद गर्ने इजाजतपत्र (पर्चेज लाइसेन्स)

| हातहतियार खरखजाना खरीद गर्न पाउने व्यक्तिको नाम, थर, ठेगाना | हातहतियार खरखजानाको किमिस | | हातहतियार खरखजानाखरीद गर्ने कम्पनी वा पसलको नाम र त्यसको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | हातहतियार | खरखजाना | | |
| | | | | |

अञ्चलाधीशको दस्तखत

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची १०

(नियम ७ (१) संग सम्बन्धित)

श्री ५ को सरकार

अञ्चलाधीश कार्यालय

हातहतियार खरखजाना बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स)

| नियम | बिक्री गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको नाम, थर, वतन | बिक्री गरिने स्थान | बिक्री गर्न पाउने हातहतियार खरखजानाको किसिम | हातहतियार खरखजानाको परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. विदेशबाट उपलब्ध गर्ने हातहतियार खरखजानाको भन्सार महसूल बुझाइएको रसीद पेश गर्नुपर्छ । | | | | | |
| २. बिक्रीको लागि उपलब्ध गरेको तथा बिक्री भएका हातहतियार खरखजानाको नियम बमोजिम विवरण महीना भुक्तान भएको सात दिनभित्र सम्बन्धित अञ्चलाधीश कार्यालयमा दाखिल गर्नु पर्छ । | इजाजतपत्र (लाइसेन्स) पाएको साल र मिति | इजाजतपत्र (लाइसेन्स) बहाल रहने साल र मिति | इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको सहीछाप | इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीको दस्तखत | |
| ३. हातहतियार खरखजाना खरीद गर्ने इजाजतपत्र (लाइसेन्स) पाएका व्यक्तिलाई मात्र इजाजतपत्र (लाइसेन्स) मा तोकिएको हातहतियार खरखजाना बिक्री गर्नुपर्छ । | | | | | |
| | इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गरेको साल र मिति | म्याद समाप्त हुने साल र मिति | नवीकरण (रिन्यू) गर्ने अधिकारीको दस्तखत | नवीकरण (रिन्यू) गर्ने अधिकारीको कार्यालको छाप | |

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ४. बिक्रीको लागि राखेको हातहतियार खरखजानाको लगत र पसल वा कारखाना सम्बन्धी सबै हिसाव किताबको खाता श्री ५ को सरकारको अधिकार प्राप्त अधिकारीले जाँच्न वा निरीक्षण गर्न चाहेमा जाँच्न वा निरीक्षण गर्न दिनुपर्छ । | | | | |
| ५. हातहतियार बिक्रेताले हातहतियार बिक्री गर्दा त्यस्तो हातहतियारमा रहेको नम्बर, बनाउने कम्पनीको नाउँ र अन्य कुनै चिह्न भए सो समेत आफ्नो रजिष्टर्डमा जनाई राख्नुपर्छ । | | | | |
| ६. खरखजाना बिक्री गर्दा इजाजतपत्र (लाईसेन्स) मा तोकिएको अधिकतम संख्यामा नबढाई बेच्नुपर्छ र बिक्री गरेको खरखजानाको संख्या र बिक्री गरेको मिति त्यस्तो खरखजाना किन्ने व्यक्तिको लाइसेन्समा पनि जनाई दिनुपर्छ । | | | | |
| ७. कलम ३ मा उल्लेखित स्थान बाहेक अन्यत्र हातहतियार खरखजाना बिक्री गर्न हुँदैन । | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– ११
(नियम ७ (१) संग सम्बन्धित)

श्री ५ को सरकार

अञ्चलाधीश कार्यालय

हातहतियार खरखजाना बिक्री गर्ने र उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स)

| नियम | बिक्री र उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको नाम, थर, वतन | बिक्री उत्पादन गरिने स्थान | बिक्री र उत्पादन गर्न पाउने हातहतियार खरखजानाको किसिम | हातहतियार खरखजानाको परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. यो इजाजतपत्र (लाइसेन्स) बमोजिम उत्पादन गरेको हातहतियार खरखजाना बिक्री गर्नुअघि श्री ५ को सरकारले तोकिदिएको व्यक्तिद्वारा जाँच गराई निजले प्रमाणित गरिदिएको हातहतियार खरखजाना मात्र बिक्री गर्नुपर्छ । | | | | | |
| २. बिक्रीको लागि उत्पादन गरेको तथा बिक्री भएका हातहतियार खरखजानाको नियम बमोजिम विवरण महीना भुक्तान भएको सात दिनभित्र सम्बन्धित अञ्चलाधीश कार्यालयमा दाखिल गर्नुपर्छ । | इजाजतपत्र (लाइसेन्स) पाएको साल र मिति | इजाजतपत्र (लाइसेन्स) बहाल रहने साल र मिति | इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको सहीछाप | इजाजतपत्र (लाइसेन्स) दिने अधिकारीको दस्तखत | |
| ३. हातहतियार खरखजाना खरीद गर्ने इजाजतपत्र (लाइसेन्स) पाएकालाई मात्र इजाजतपत्र (लाइसेन्स) मा तोकिएको हातहतियार खरखजाना बिक्री गर्नुपर्छ । | | | | | |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. बिक्रीको लागि राखेको वा उत्पादन गरेको हातहतियार खरखजानाको लगत र पसल वा कारखाना तथा सो सम्बन्धित सबै हिसाव किताव खाता श्री ५ को सरकारको अधिकार प्राप्त अधिकारीले जाँच्न वा निरीक्षण गर्न चाहेमा जाँच्न वा निरीक्षण गर्न दिनुपर्छ ।

५. खरखजाना बिक्री गर्दा इजाजतपत्र (लाइसेन्स) मा तोकिएको अधिकतम संख्यामा नबढाई बेच्नुपर्छ र बिक्री गरेको खरखजानाको संख्या र बिक्री गरेको मिति त्यस्तो खरखजाना किन्ने व्यक्तिको इजाजतपत्र (लाइसेन्स) मा पनि जनाई दिनुपर्छ ।

६. कलम : मा उल्लेखित स्थान बाहेक अन्यत्र हातहतियार खरखजाना बिक्री गर्न वा उत्पादन गर्न हुँदैन ।

| इजाजतपत्र नवीकरण (लाइसेन्स रिन्यू) गरेको साल र मिति | म्याद समाप्त हुने साल र मिति | नवीकरण (रिन्यू) गर्ने अधिकारीको दस्तखत | नवीकरण (रिन्यू) गर्ने अधिकारीको कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– १२

(नियम १६ संग सम्बन्धित)

हातहतियार खरखजाना मर्मत गर्ने, बिक्री गर्ने वा उत्पादन गर्ने इजाजतपत्र (लाइसेन्स) पाएका व्यक्तिले दिनु पर्ने लगत

इजाजतपत्र (लाइसेन्स) नम्बरः–

महीना . . .      साल . . .      मिति. . . . . . . . . .

| उत्पादन गरेको वा मर्मत गरेको वा बिक्रीको लागि प्राप्त गरेको हातहतियार खरखजान.को बिवरण | यो महीनामा मर्मत गरेको, बिक्री गरेको, उत्पादन गरेको | मर्मत गराउने वा खरीद गर्ने व्यक्तिको नाम, थर, वतन र इजाजतपत्र (लाइसेन्स) नम्बर | कैफियत |
|---|---|---|---|
| | | | |

इजाजतपत्र (लाइसेन्स) पाउने व्यक्तिको नाम र थर. . . . . . . .

स्थायी वतन. . .

मर्मत, बिक्री वा उत्पादन गर्ने स्थान. . .

इजाजतपत्र (लाइसेन्स) प्राप्त व्यक्तिको सहीछाप

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– १३
(नियम १७ संग सम्बन्धित)

विषयः– हातहतियार खरखजानाको हक छाडी दिने इजाजत पाउँ ।

श्री अञ्चलाधीश,
........अञ्चलाधीश कार्यालय,

महोदय,

मेरो नाममा........ अञ्चलाधीश कार्यालयबाट लाइसेन्स भैरहेको हातहतियार खरखजाना मध्ये देहायको हातहतियार खरखजाना........को छोरा वर्ष...को........बस्ने........लाई दिन मेरो मञ्जूरी भएकोले मेरो नामबाट लगत कट्टा गरी निजको नाममा नामसारी दर्ता प्रमाणपत्र गरी पाउन एक रुपैयाँको टिकट टाँसी निवेदन गर्न आएको छु । मैले जाने बुझेसम्म निजको हैसियत र चालचलन राम्रो नै छ । यो ब्यहोरा झुट्ठा ठहरे ऐनबमोजिम सजाय सहुँला बुझाउँला ।

इजाजतपत्र (लाइसेन्स) भैरहेको हातहतियार खरखजानाको विवरण

| | हातहतियार | खरखजाना | इजाजतपत्र (लाइसेन्स) नम्बर | कैफियत |
|---|---|---|---|---|
| जम्मा हातहतियार खरखजाना लगत कट्टा गर्ने | | | | |
| बाँकी कायम रहने हातहतियार खरखजाना | | | | |

मितिः– ..........

भवदीय,
निवेदकको सहीछाप

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ४२८

मुद्रण विभाग

अनुसूची– १४
(नियम १७ संग सम्बन्धित)

बिषयः– हातहतियार खरखजाना नामसारी गरी इजाजतपत्र (लाइसेन्स) गरी पाउँ ।

श्री अञ्चलाधीश,

........ अञ्चलाधीश कार्यालय, ।

महोदय,

........ बस्ने........ ले आफ्नो नाममा...... अञ्चलाधीश कार्यालयबाट इजाजतपत्र (लाइसेन्स) भएको देहायको हातहतियार खरखजाना मलाई हक छाडी दिने भएकोले मेरो नाममा लाइसेन्स गरी पाउन एक रुपियाँको टिकट टाँसी निवेदन गर्न आएको छु।

| दर्ता गर्ने हातहतियार खरखजानाको विवरण | | इजाजतपत्र (लाइसेन्स) गराउन चाहेको ईलाका | यसभन्दा अघि कुनै हतियारको इजाजतपत्र (लाइसेन्स) रहेको भए त्यसको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|
| हातहतियार | खरखजाना | | हातहतियार | खरखजाना | इजाजतपत्र (लाइसेन्स) गरी दिने कार्यालय | दर्ता नंवर | कैफियत |

भवदीय,

........ को छोरा........ बस्ने
वर्ष........ को नाम.....
.... पेशा........

मितिः– ........

आज्ञाले–
उपरथी छेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८